जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३०१ पृष्ठः ४ | २०८२ चैत्र १२ बिहीबार (Thursday 26 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## आँखा उपचारले दियो खुसी, मिर्चैया शिविरमा ३१२ जनाको निशुल्क मोतियाविन्दुको शल्यात्रिक्रया



**आशिष विश्वकर्मा**

सिरहा, ११ चैत्र। मिर्चैया नगारपालिका ७ मुराबारीका ८५ वर्षिय सुकराम सदायको आँखा धमिलो देख्न थालेको ७ वर्ष भन्दा बढी भएको थियो। कमजोर आर्थिक अवस्था भएका उनले आजसम्म उपचार गराउन सकेका थिएनन्। आँखामा आँसु आउने, धमिलो देखिने र कुनै कुनैवेला केही बस्तुले झ्याप्प छोपेजस्तो लाग्ने समस्याबाट पीडित उनी आर्थिक अभावकै कारण उपचारमा जान सकेका थिएनन्।

दुईभाई छोराहरुले नहेरेपछि छोरीको सरणमा बसेका सदायको छोरी पनि मरेपछि वेसहारा जस्तै भएका छन्। सामाजिक सुरक्षा भत्ताले जसो तसो जीविका चलाउँदै आएका सदायले आँखा उपचार गराउने सोच्न समेत सकेका थिएनन्। दुवै आँखा मोतियाविन्दुले ढाकेपछि घुमफिर गर्न समेत समस्या झेल्दै आएका सदायलाई आफ्नै ठाउँमा शिविर आएपछि उपचार सम्भव भएको हो। दुवै आँखामा मोतियाविन्दु देखिएपनि यो पटक बाँया आँखाको शल्यक्रिया भएको छ। शल्याक्रिया पछि छ्याङ्ङ देख्ने भएका छन्। आँखा राम्रो देख्ने भएपछि उनि औधि खुसी भए।

उनले भने, 'आँखा उपचार नगराई मर्ला भन्ने पिरलागिरहन्थ्यो, आफ्नै ठाउँमा शिविर आएर उपचार गराएर देख्ने हुन पाउँदा धेरै खुशी लागेको छ।' उनीमात्र हैन मिर्चैया १ का ८२ वर्षिय गोपाल कापर दाहिने आँखा कम देख्ने समस्याबाट पीडित थिए। आर्थिक अवस्था कमजोर रहेका उनले उपचार गराउन सकिरहेका थिएनन्। नगरपालिकाले शिविर ल्याएर आफ्नै ठाउँमा उपचार गराउन पाएकोमा दङ्ग छन्। कापरले भने, 'हामीसँग यति पैसा कहाँबाट आउनु, आफ्नै ठाउँमा त्यति ठूलो अस्पतालका डाक्टर आएर आँखा उपचार गराउन पाएकोमा म त धेरै खुसी छु।'

मिर्चैयाकै अर्को ७३ वर्षिया एकल महिला जानकी देवी साहको आँखामा मोतिया विन्दु देखिएको ३ भईसकेको थियो। तर आर्थिक अभावका कारण उनले उपचार गराउन सकिरहेकी थिएनन्। आफ्नै ठाउँमा शिविर आएकाले निः शुल्क अप्रेशन भयो। अप्रेशन पछि उनले भने, 'आँखा धमिलो देख्न थालेपछि कसरी उपचार गराउने भन्ने सोचिरहेको हुन्थे। शिविरमा अप्रेशन

–बाँकी तीन पेजमा

## ई–रिक्सा चालकको लाइसेन्स प्रक्रिया सहज बनाइनेः मन्त्री सुमन

**लक्ष्मी चौधरी**

जनकपुरधाम, ११ चैत्र। मधेश प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री मनिषकुमार सुमनले ई–रिक्सा चालकका लागि सवारीचालक अनुमतिपत्र ( लाइसेन्सं) प्राप्त गर्ने प्रक्रिया सहज बनाइने प्रतिवद्धता जनाउनुभएको छ। कायापलट, बिकल्प एन अल्टरनेटिभ र ई–रिक्सा मजदुर संगठन धनुषाले बुधबार जनकपुरधाममा आयोजना गरेको ई–रिक्सा लाइसेन्स सहजीकरण संवाद कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री सुमनले लाइसेन्स वितरण प्रणालीलाई सरल, व्यवहारिक र पहुँचयोग्य बनाउन प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनुभयो। उहाँले प्रदेश सरकारले चाँडै लिखित परीक्षा हटाएर मौखिक तथा प्रयोगात्मक परीक्षामार्फत लाइसेन्स दिने व्यवस्था लागू गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो। सेवाग्राहीको सहजताका लागि क्युआर कोड प्रणाली लागू गर्ने विषयमा पनि पहल भइरहेको उहाँको भनाइ थियो।

मन्त्री सुमनले मधेश प्रदेशमा ई–रिक्साको बढ्दो प्रयोगलाई व्यवस्थित गर्न कानुनी तथा प्राविधिक सुधार आवश्यक रहेको उल्लेख गर्दै चालकहरूलाई औपचारिक प्रणालीमा ल्याउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो। कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशका प्रतिनिधि राहुल झाले ई–

–बाँकी अन्तिम पेजमा

## मर्यादित परीक्षा सञ्चालनबाट शिक्षामा सुधारको अपेक्षा

**जीवछ यादव**

लहान, ११ चैत्र। शिक्षामा सुधार हुनुपर्ने बढ्दो मागलाई सम्बोधन गर्न स्थानीय तहअन्तर्गत रहेका शिक्षा शाखाहरूले कक्षा १ देखि ९ सम्मका परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सक्रियता देखाउन थालेका छन्। शिक्षामा परिवर्तन र व्यवस्थापनबारे विभिन्न तहमा चर्चा चलिरहेको अवस्थामा स्थानीय तहका शिक्षा शाखाहरूले विद्यमान परीक्षा



प्रणालीलाई चुस्तदुरुस्त बनाउन पहल थालेका हुन्।

लहान नगरपालिका शिक्षा शाखा प्रमुख अमिरी यादवका अनुसार परीक्षा प्रणालीमा सुधार गर्दै नयाँ शैक्षिक सत्रदेखि शिक्षण कार्यलाई अझ व्यवस्थित बनाउन तयारी भइरहेको छ। उहाँले भन्नुभयो, "चैत १९ गते हुने एसइई परीक्षा अगावै कक्षा १ देखि ९ सम्मको परीक्षा सञ्चालन भइरहेको छ। यही परीक्षाबाट विद्यार्थीहरूको वास्तविक संख्या र सिकाइ अवस्थाको मूल्यांकन गरी थप व्यवस्थापन गर्न अनुगमनलाई निरन्तरता दिइएको छ।"

लहान नगरपालिकाका नगरप्रमुख तथा शिक्षा संयोजक महेशप्रसाद चौधरीले भौतिक पूर्वाधार मात्र विद्यालय सुधारको आधार नभएको उल्लेख गर्दै शैक्षिक सत्रको सुरुदेखि अन्तिम परीक्षासम्मको तयारीमा प्रधानाध्यापक र शिक्षकलाई जिम्मेवार बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले भन्नुभयो, "लहान नगरपालिकाभित्र रहेका ५९ वटा सामुदायिक विद्यालयलाई

–बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असरः

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगलेः**

- वालवालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले
- बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## रोजगारदातालाई पनि जिम्मेवार बनाऊ

ग्रिसको मनोलाडा क्षेत्रमा स्ट्रबेरी खेतमा काम गर्न बाध्य बनाइएका एक नेपाली युवाले गरेको खुलासाले विश्वव्यापी श्रम शोषणको कठोर यथार्थ उजागर गरेको छ। वैदेशिक रोजगारीको आशामा गएका उनीजस्ता अरू पनि नेपाली युवा विश्वका अरू कुनामा पनि झुटो आश्वासन, जालझेल र जबरजस्ती श्रम शोषणको सिकार भइरहेका छन्। मूलतः गैरकानुनीरूपमा पुगेकाले रोजगार अनुमति नभएका युवामध्ये धेरैले बँधुवा मजदुरी गर्नुपर्ने हुन्छ। तिनको पासपोर्ट खोसिन्छ, बन्दुकको धम्कीमा काम लगाइन्छ र कतिपयले त झन् बिना तलब काम गर्नुपर्ने हुन्छ। यी सबै आधुनिक दासत्वकै रूप हुन्। तै पनि यस प्रकारको अमानवीय अवस्था अन्त्य गर्न रोजगारदाता मुलुकका सरकारहरू उदासीन देखिएका छन्।

यस्तो अपराधमा सामान्यतः अहिलेसम्मको अभ्यासमा दलाल वा साना एजेन्टहरूलाई मात्र दोषी ठहर गरिन्छ। तर जबर्जस्ती श्रम गराएर वास्तविक लाभ लिने, कामदारलाई प्रयोग गर्ने र नियन्त्रण गर्ने रोजगारदाताहरू भने कानुनी कारबाहीको प्रक्रियामा नै देखा पर्दैनन्। ग्रिसको घटनामा सम्बन्धित कम्पनी टाक्टिकोस फ्रुटस एसएको सवारी साधन प्रयोग भएको तथ्य बाहिर आए पनि कम्पनीले कुनै स्पष्ट जवाफ दिएको छैन। यस्तो मौनले अपराधमा संलग्नताको गम्भीर पक्ष उजागर गरेको छ। नेपालसहित विश्वभर नै यसरी जबरजस्ती श्रम वा गैरकानुनी काममा लगाउनेहरूलाई प्रत्यक्षरूपमा जिम्मेवार पनि बनाउने स्पष्ट नीति आवश्यक देखिन्छ। अन्तर्राष्ट्रिय अभ्यासले यो सम्भव र प्रभावकारी रहेको देखाइसकेको छ। धेरै मुलुकमा यस्तो कानुनी व्यवस्था भए पनि वैदेशिक कामदारका हकमा बेवास्ता गर्ने गरिएको देखिन्छ।

बेलायतले कम्पनीहरूलाई आफ्ना आपूर्ति शृङ्खलामा हुने श्रम शोषणबारे सार्वजनिकरूपमा प्रतिवेदन दिन बाध्य बनाउने ऐन लागु गरेको छ। कुनै कम्पनी श्रम शोषण वा जबर्जस्ती काममा लगाउने अपराध संलग्न भेटिएमा कडा कारबाही हुन्छ। त्यस्तै, अस्ट्रेलियामा कार्यस्थल सम्बन्धी नियम उल्लंघनका घटनामा कम्पनीका निर्देशकहरूसमेत व्यक्तिगतरूपमा जिम्मेवार ठहरिन सक्छन्। यस्ता उदाहरणहरूले देखाउँछन् रोजगारदातालाई कानुनीरूपमा जिम्मेवार नगराएसम्म श्रमिकको शोषण र जबर्जस्ती रोकिँदैन। एजेन्टलाई पक्राउ गरेर वा श्रमिकलाई निस्कासन गरेर समस्या समाधान हुँदैन। माग पक्ष अर्थात् श्रम प्रयोग गर्ने कम्पनीलाई लक्षित नगरी स्थितिमा सुधार सम्भव छैन। आवश्यकताअनुसार नेपालले यस विषयलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि उठाउनु र पैरवी गर्नुपर्छ।

नेपाली समाजमा वैदेशिक रोजगारी उपेक्षा गर्नै नसकिने वास्तविकता बनिसकेको छ। यसैले नागरिकप्रति राज्य संवेदनशील र जिम्मेवार हुने हो भने वैदेशिक रोजगारीका क्रममा उनीहरूलाई ठगिने वा शोषणमा पर्ने अवस्था रोक्न हरसम्भव प्रयास गर्नुपर्छ। यसका लागि कदाचित कुनै नागरिक विदेशी व्यक्ति वा कम्पनीबाट पीडित भए भने तिनको रक्षा गर्ने र पक्ष लिने संयन्त्र पनि हुनु जरुरी देखिन्छ। त्यसो त नेपालले ग्रिसको घटनाबाट धेरै सिक्न सक्छ। पहिलो, वैदेशिक रोजगारीसम्बन्धी कानुनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार अद्यावधिक गर्नुपर्छ। दोस्रो, डिजिटल प्लेटफर्ममार्फत हुने भर्ती प्रक्रियालाई नियमन गर्नुपर्छ। तेस्रो, विदेशमा रहेका नेपाली कामदारका गुनासो सुन्न र तुरुन्त हस्तक्षेप गर्न सक्षम संयन्त्र आवश्यक छ।

सबैभन्दा महत्त्वपूर्ण रोजगारदातालाई कानुनभन्दा माथि ठान्ने मध्ययुगीन प्रवृत्तिको अन्त्य हुनुपर्छ। कुनै कम्पनीले जबरजस्ती श्रम प्रयोग गर्छ भने त्यसलाई आर्थिक जरिवानाका साथै आपराधिक दायित्वसमेत लगाइनुपर्छ। अनुमति खारेज, अन्तर्राष्ट्रिय प्रतिबन्ध र सार्वजनिक नामांकनजस्ता कदमहरूले मात्र वास्तविक सुधार ल्याउन सक्छ। नेपालले ग्रिसको त्यस कम्पनीलाई जिम्मेवार बनाउन कूटनीतिक पहल गर्नु उचित हुनेछ। अन्ततः, श्रम शोषण व्यक्तिगत त्रासदीमात्र नभएर मानवअधिकारको गम्भीर उल्लंघन हो। यसैले यस्तो अमानवीय अभ्यास रोक्न रोजगारदातालाई केन्द्रमा राखेर कडा कानुनी संरचना निर्माण गर्नु अपरिहार्य देखिन्छ।

# चक्रव्यूहमा जकडिएको हाम्रो परराष्ट्र सम्बन्ध

**भानुप्रसाद आचार्य**

अनिश्चितताको कठिन स्थितिमा शान्तिपूर्णरूपमा चुनाव सम्पन्न भएकोमा अन्तरिम सरकार, सुरक्षा निकाय, राजनीतिक दल र नेपाली जनता लोकतान्त्रिक पद्धतिको निरन्तरताका लागि प्रशंसा तथा सम्मानका योग्य भएका छन्। लोकतान्त्रिक निर्वाचनमा जितहार स्वाभाविक हुन्छ। जित्ने र हार्ने सबैले लोकतान्त्रिक पद्धति एवं मूल्यमान्यताको मूल बाटोमा राष्ट्रिय हित सर्वोपरि हो भन्ने मन्त्रलाई मन, वचन र कर्मले आत्मसात् गरी नयाँ परिवेशको अन्तर्राष्ट्रिय सम्बन्धमा हातेमालो गरेर अगाडि बढ्नु यतिखेरको आवश्यकता हो। जित्ने पक्षले करिब दुईतिहाइको दम्भमा मात्तिएर वा हौसिएर अधिनायकवादी स्वरूप, लोकरिझ्याइँको कुअस्त्र, अल्पमतको तिरस्कार, नागरिक स्वतन्त्रताको नियन्त्रण र ढुलमुले विदेश सम्बन्धजस्ता क्रियाकलापबाट टाढा रही लोकतन्त्रको संवर्द्धन र संरक्षणमा सधैँ सजग र उत्तरदायी बन्नुपर्छ। सुशासन, सुदृढ सार्वजनिक सेवा, इमानदारी र समृद्धिको आशा एवं भरोसामा व्यक्त जनमतमा कुठाराघात गर्नु हुँदैन। विगतका सरकारहरूका क्रियाकलापबाट सिर्जित असन्तुष्टिको जगमा खडा भएको सरकारले समृद्धिको सुखद आशामा एकोहोरिएको जनमत व्यवस्थापनको गम्भीर दायित्व इमानदारीपूर्वक निर्वाह गर्नुपर्नेछ।

नयाँ दलले प्राप्त गरेको जनमतको अवसरलाई सभ्य राजनीतिक लोकतान्त्रिक संस्कार, राष्ट्रिय हित तथा स्वाधीनताको रक्षा, विनयशील सेवासुविधा प्रवाह, सुशासन र उत्कृष्टताको पहिचान तथा सम्मानलाई केन्द्रमा राखी नीति निर्माण तथा कार्यान्वयन गर्नुपर्छ। परराष्ट्र सम्बन्धमा राष्ट्रिय सहमति जुटाउने मुख्य जिम्मेवारी सरकारको हुन्छ। हार्ने पक्ष निरुत्साहित भई समर्पण भावमा निष्क्रिय रहेमा थप मनोविकार उत्पन्न भई एकातिर नागरिक अधिकारमा कटौती हुने र राष्ट्रिय हितका महत्त्वपूर्ण विषयमा सत्तासीनको एकाधिकार बढेर राष्ट्रियता कमजोर हुने जोखिम रहन्छ। अर्कोतिर राष्ट्रिय स्वार्थ तथा वैदेशिक सम्बन्धका विषयमा आवाज कमजोर भएमा तथा सर्वसाधारण जनतासँगको सामीप्यमा कमी आएमा लोकतन्त्र कमजोर हुन सक्छ।

यस्तो स्थितिमा विगतका कमीकमजोरी सुधार गर्दै जनमतको सम्मान, दलगत सङ्गठनमा संस्थागत सुधार, राष्ट्रिय स्वार्थको पक्षमा संसद्मा सक्रिय उपस्थिति र जनसरोकारका विषयमा जवाफदेही एवं जनमुखी प्रतिनिधिको रूपमा उभिनु जरुरी छ। परराष्ट्र सम्बन्धमा राष्ट्रिय हितको सर्वोपरितामा ऐक्यबद्धता जनाउनु र राष्ट्रिय स्वार्थमा आँच पुग्ने कुरामा सशक्त विमति राख्नुपर्नेछ।

**ज्वारभाटाबीच अन्तर्राष्ट्रिय सम्बन्ध**

विश्व व्यवस्थामा आएको राजनीतिक आर्थिक परिवर्तनको ज्वारभाटाबाट नेपाल अछुतो रहन सक्दैन। द्विपक्षीय वा बहुपक्षीय सम्बन्धको सुधार तथा विस्तार परिस्थितिअनुरूप आन्तरिक तथा बाह्य वातावरणमा निर्भर गर्छ। जसरी व्यवहारमा शत्रुता, मित्रता र असंलग्नता आफ्नै वा अर्काको क्रियाकलापले परिवर्तन हुन्छ त्यसरी नै मुलुकहरूबीचको सम्बन्धमा प्रगाढता, तिक्तता र निरपेक्षता गाँसिएको हुन्छ। व्यक्ति बिरलैमात्र एक्लोपनामा समाजमा जिउन सक्छ। तैपनि सार्थक एवं प्रभावकारी जीवन जिउन सक्दैन। विश्व समाजमा अस्तित्व कायम राख्न मुलुकको सार्वभौमिकता, अखण्डता, स्वाधीनता र राष्ट्रिय हितलाई प्रमुख तत्त्व मानेर सामयिक सुधारको रणनीति अन्तर्राष्ट्रिय सम्बन्धले खोज्छ।

नेपालको संविधानमा असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यतामा स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने उल्लेख भए पनि व्यवहारमा राष्ट्रिय सुरक्षा, स्वाधीनता, प्राकृतिक स्रोतसाधनको उपयोग र वैदेशिक सम्बन्धमा सन्तुलन राख्नेजस्ता रणनीतिहरूमा बेलाबेलामा हामी चुकेका छौँ। राष्ट्रिय साझा परराष्ट्र नीतिको कथनीमा सिद्धान्ततः दलहरूका चुनावी वाचामा उल्लेख हुने गरेको पाइए पनि विगतका करनीमा असङ्गति देखिएका छन्। आफू वा आफ्नो दलको राजनीतिक स्वार्थ प्राप्त गर्ने उद्देश्यले राष्ट्रिय स्वार्थबाहिर गएर परराष्ट्र सम्बन्ध परिचालित भएका छन्। राष्ट्रिय स्वार्थका विषयमा साझा नीति र कार्यान्वयनमा ऐक्यबद्धता आवश्यक छ ।

'दुई ढुङ्गाबीचको तरुल' को पुरातन मान्यतालाई आधुनिक प्रविधि, बहु ुवीय विश्व, सञ्जालको जञ्जाल, एकात्मक सोच, बलियोले निर्धोलाई थिच्ने प्रवृत्ति र संयुक्त राष्ट्रसंघ तथा बहुपक्षीय संघ संस्थाहरूको मूल्य मान्यतामा क्षयीकरण एवं कमजोर उपस्थितिले नेपालजस्ता साना मुलुकहरूको सुरक्षा, स्वाधीनता र राष्ट्रिय हितको संरक्षणमा अन्योल बढाएको छ। करिब १७ लाख नेपाली कार्यरत रहेको पश्चिम एसियामा जारी युद्धले आपूर्ति शृङ्खला र मूल्यवृद्धिमा पर्ने नकारात्मक प्रभावको तत्काल व्यवस्थापन र दक्षिण एसियाली मुलुकहरूको कूटनीतिक सन्तुलनले भूराजनीतिक महत्त्व राख्छ।

वर्तमानमा चिसिएको दुवै छिमेकी मुलुकसँगको सम्बन्धलाई नयाँ सरकारले सुदृढ गर्न समानताका आधारमा सन्तुलित र गतिशील कूटनीति अवलम्बन गरी राष्ट्रिय हित सुनिश्चित गर्नुपर्नेछ। जटिल परराष्ट्र सम्बन्धको व्यवस्थापन कौशलपूर्ण ढङ्गले गर्नुपर्ने गम्भीर चुनौती सरकारमाथि छ।

**दक्षिण एसियाली छिमेकी मुलुकहरूको स्थिति**

विश्व व्यवस्थामा देखापरेको आत्मकेन्द्रित राजनीतिक आर्थिक सोच एवं रणनीतिको प्रत्यक्ष प्रभाव नेपालमा पनि परेको छ। उदारवादी सुधारको सोच, विधि र संस्थामा ग्रहण लागेको करिब दुई दशक बितिसक्यो। नेपालको आर्थिक सुधारको क्रमलाई आन्तरिक तथा बाह्य कारणले अवरोध पुर्‍याए पनि आर्थिक समृद्धिको मूलभूत मुद्दालाई विदेश नीतिले छाड्नु हुँदैन। अहिले आत्मकेन्द्रित विदेश नीति अँगालिरहेको शक्तिशाली अमेरिका र सौम्य शक्तिको भूमिकामा रहेका युरोपेली मुलुकहरू छन्। विश्व प्रतिस्पर्धीका रूपमा अगाडि बढिरहेको उत्तरी छिमेकी चीन र क्षेत्रीय नेतृत्वको आकाङ्क्षा बोकेको दक्षिणी छिमेकी भारतबीचको भूरणनीतिक अवस्थितिमा नेपाल छ।

प्राकृतिक स्रोत साधनले परिपूर्ण मनोरम हाम्रो देशको राजनीतिक आर्थिक भविष्यमा विगतभन्दा गम्भीर परिस्थिति मडारिएको देखिन्छ। परराष्ट्र सम्बन्धमा कुनै खास कित्तामा समर्पित हुने अवस्था छैन। विश्व व्यवस्थामा बहुपक्षीयताको महत्त्व र सामर्थ्य खुम्चिँदै गएको वर्तमान परिस्थितिमा नेपालको पहुँच कमजोर रहे पनि क्षेत्रीय राजनीतिमा नेपालको भूमिका महत्वपूर्ण रहनेछ। नेपालको भूराजनीतिक रणनीतिक शक्तिको महत्त्वलाई विगतका सन्धि सम्झौताहरूबाट सिर्जित दायित्व एवं प्रतिबद्धताबाट विमुख हुने छुट र सामर्थ्य नभएकाले परराष्ट्र सम्बन्ध गम्भीर चक्रव्यूहमा जकडिएको अवस्था हो। आन्तरिक राजनीतिक एकता कमजोर भएको अवस्थामा विखण्डन र बाह्य हस्तक्षेपलाई सघाउ पुग्छ ।

शक्तिशाली मुलुकले सन्धि सम्झौताहरूलाई कागजमा सीमित राखेर उल्लंघन गर्न सक्ने र कमजोर मुलुकले टुलुटुलु हेरेर स्वीकार्नुपर्ने वर्तमान परिस्थितिमा नयाँ सरकारसामु सौम्य, संयम, समानता र सन्तुलित कूटनीतिबाट स्वाधीनता र राष्ट्रिय स्वार्थको संरक्षण गर्नुपर्ने गम्भीर चुनौती छ। निर्वाचनका क्रममा लागेको वैदेशिक शक्तिको आडभरोसाको सशक्त आरोपको प्रतिवाद आगामी दिनमा स्वाधीनता, समानता र सन्तुलित कर्मले प्रमाणित गर्नुपर्नेछ। पूर्व, पश्चिम र दक्षिणतर्फ भारत तथा उत्तरतर्फ चीन दुवै उदीयमान शक्तिहरूबीच भूराजनीतिक महत्त्व बोकेको नेपालले विगतदेखि नै परराष्ट्र सम्बन्धमा विवशताहरू झेल्दै आएको छ। दुई छिमेकीबीच विगतमा युद्ध, सीमा विवादको निरन्तरता, जलस्रोत उपयोगमा मतभिन्नता, क्षेत्रीय प्रभाव विस्तारमा प्रतिस्पर्धा र सुरक्षा व्यवस्थामा संवेदनशीलता कायम रहेको अवस्थामा यी विषयमा असर पार्ने नेपालको अवस्थिति रणनीतिक महत्त्वको भएकाले सन्तुलित सम्बन्ध राख्न सक्नुपर्छ। साथै, हाम्रा आफ्नै सीमा विवाद, नागरिकता विवाद, व्यापार निर्भरता, पहुँच, प्राकृतिक स्रोत साधनको उपयोगमा सीमितता र हेपाहा प्रवृत्तिबाट उन्मुक्तिजस्ता समस्याहरूको समाधान राष्ट्रिय हित र समानताका आधारमा सौम्य कूटनीतिको माध्यमबाट गरिनुपर्नेछ।

विश्व व्यवस्था एवं दक्षिण एसियाको भूराजनीतिक भुमरीको लपेटमा नेपाल पनि परेको छ। दक्षिण एसियाको छोटो अवधिको राजनीतिक वस्तुस्थिति हेर्दा सत्ता उलटफेर, आन्दोलन र विद्रोहको शृंखलाले अस्थिरता भरिपूर्ण छ। पाकिस्तान, अफगानिस्तान र म्यानमारमा भएका विद्रोहलाई सेनाले बल तथा कुटिलता प्रयोग गरी सत्ता सञ्चालन गरिरहेका छन्। बङ्गलादेशमा सन् २०२४ को युवा आन्दोलनले सत्तासीन दलका प्रधानमन्त्री देशबाट भाग्नुपर्‍यो। सत्तासीन दललाई प्रतिबन्ध लगाई युवाहरूले नयाँ दल खोलेर अन्तरिम सरकारले गराएको निर्वाचनमा जाँदा न्यून संख्यामा मात्र चुनाव जितेर चित्त बुझाउनुपर्‍यो। निर्वाचनमा पुरानो विपक्षी दलले बहुमत ल्याएर सरकार बनाएको छ।

श्रीलंकामा सन् २०२२ मा विद्यार्थीको नेतृत्वमा भएको आन्दोलनले वाम झुकाव भएको दल सत्तामा पुग्यो। थाइल्यान्डका प्रधानमन्त्री विदेश पलायन भए। निर्वाचनमा राजतन्त्रवादी पुरातन शक्तिले विजय प्राप्त गर्‍यो। नेपालको 'जेन–जी' विद्रोहबाट बनेको अन्तरिम सरकारले गराएको प्रतिनिधि सभाको निर्वाचनमा पुराना दलहरूलाई निमिट्यान्न पारेर जन्मिएको तीन वर्षमात्र भएको राष्ट्रिय स्वतन्त्र पार्टीले करिब दुईतिहाइ संख्यामा निर्वाचन जित्न सफल भयो। शान्तिपूर्ण निर्वाचन सम्पन्न भएको श्रेय अन्तरिम सरकारलाई जान्छ।

**बाह्य मुलुकको भूमिका**

विसं २००७ सालपछि नेपालमा भएका जनआन्दोलनहरूको संक्षिप्त वस्तुस्थिति नियाल्दा सबैजसो विद्रोह तथा जनआन्दोलनमा विदेशीहरूको प्रत्यक्ष तथा परोक्ष उपस्थिति रहेको पाइन्छ। विसं २००७ सालको आन्दोलनमा अन्तर्राष्ट्रिय परिस्थिति एवं भारतको सहयोगमा राणाशासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भएको थियो। राजनीतिक अस्थिरतासँगै व्यवस्थापनमा चुक्दा राजाले सैनिक हस्तक्षेप गरी २०१७ सालमा निर्दलीय पञ्चायत व्यवस्था लागु गरेर प्रत्यक्ष शासन गरे। विसं २०३६ सालको जनमत संग्रह, २०४२ सालको सत्याग्रह र २०४६ सालको जनआन्दोलनमा अग्रपङ्क्तिमा प्रतिबन्धित दल र विद्यार्थीहरू थिए। तर परोक्षरूपमा भारतको सहयोग रहेको तथ्य तत्कालीन आर्थिक नाकाबन्दीले पुष्टि गर्छ ।

विसं २०५२ सालमा माओवादीले सशस्त्र विद्रोह सुरु गरे। विद्रोहलाई छिमेकी मुलुकमात्र होइन पश्चिमी मुलुकहरूको पनि सहयोग रहेको तथ्य तत्कालीन सरकारलाई आर्थिक सहयोगमा कटौती र २०६२ सालमा दिल्लीमा दलहरूबीच भएको १२ बुँदे सम्झौताले स्पष्ट गर्छ। प्रतिकूल आन्तरिक एवं अन्तर्राष्ट्रिय असहज परिस्थितिको वस्तुनिष्ठ मूल्याङ्कनमा चुक्दै २०६१ सालमा राजा ज्ञानेन्द्रले सेनाको बलमा कार्यकारी अधिकार आफ्नो हातमा लिए। यस कदमले आन्तरिक विद्रोहलाई थप सङ्गठित हुन बल पुर्‍यायो। अन्तर्राष्ट्रिय समुदाय पनि राजाको अधिनायकवादको विरोधमा आर्थिक तथा राजनीतिक दबाब दिन सक्रिय भयो।

विसं २०६२ चैतमा शान्तिपूर्ण जनआन्दोलन सुरु भई २०६३ वैशाखमा सफल भयो र विघटित प्रतिनिधि सभाको पुनःस्थापना भयो।

**–बाँकी तीन पेजमा**

# श्री आधारभूत विद्यालय खजनपुर

## गाउँपालिका औरही-३

## जिल्ला सिरहा (मधेश प्रदेश) नेपाल

## विज्ञापन प्रकाशन सम्बन्धमा

**प्रथम पटक प्रकाशित मिति : २०८२।१२।११**

प्रस्तुत विषयमा यस विद्यालयको रिक्त रहेको प्रा.शि.तू. राहत अनुदान कोटाको पदपूर्तिका लागि शिक्षा विकास तथा समन्वय इकाइ सिरहाको मिति २०८२।०५।११ को च.नं. १७३ को अनुमति वमोजिम यस विद्यालयको वि.व्य.स.को मिति २०८२।१२।०५ को निर्णय वमोजिम शिक्षक सेवा आयोगको करार सूचीमा सिफारिस भएका मध्येवाट पदपूर्ति गर्नु पर्ने भएकोले इच्छुक उम्मेदवारहरुको लागि करार सूचीको विज्ञापन प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। साथै म्याद नाघी आएको र रिक्त नपुगेको आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | तह | नियुक्तिको किसिम | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | २/२०८२/०८३ | प्रा.शि.तृतीय राहत अनुदान | शिक्षक सेवा आयोगको करार सूचीमा सिफारिस भएको | १ (एक) | शिक्षक सेवा आयोगले तोकेको बमोजिम |

**आवेदन दस्तुर :** रु. १,०००।- (अक्षरेपी एक हजार मात्र)

**दरखास्त दिने मिति :** २०८२।१२।११ गते देखि २०८२।१२।२५ गते सम्म कार्यालय समय भित्र।

**सम्पर्क मितिः** २०८२।१२।२६ गते

**उमेर :** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**दरखास्त दिने स्थानः** श्री आधारभूत विद्यालय खजनपुर औरही-३, सिरहा

**आवश्यक कागजातहरु :-**

- हस्त लिखित निवेदन पत्र।
- नेपाली नागरिकताको आफैले प्रमाणित गरेको प्रतिलिपि।
- शैक्षिक योग्यता र तालिमको आफैले प्रमाणित गरेको प्रतिलिपि।
- अध्यापन अनुमति पत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि। अनुमात
- हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो।
- निरोगिता प्रमाण पत्रको प्रतिलिपि।
- शिक्षक सेवा आयोगको करार सूचीमा सिफारिस भएका करार सूचीको विवरण स्पष्ट प्रतिलिपि।
- म्याद नाघि आएको तथा रिक्त नपुगेको आवेदन स्वीकृत हुने छैन।

**नोट :-**

(१) विज्ञापन वापत लाग्ने दस्तुर यस विद्यालयको नामवाट संचालनमा रहेको एन.एम.बी. बैंकको च.हि.नं. ११२००७२८६४८०००११ सो को सकलै भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ।

(२) विज्ञापन सम्वन्धि थप जानकारीका लागि सम्पर्क नं.हरु : ९८१४७७३१५१, ९८१४७१०८८०, ९८०७७२१०४३, ९८२७७१२२०१

सुरेश कुमार यादव
वि.व्य.स.अध्यक्ष

उमेन्द्र कुमार यादव
प्रधानाध्यापक

# सडक अतिक्रमण संरचना हटाउन सुरु



**देवराम यादव**

सप्तरी, ११ चैत्र। सडक मापदण्डभित्र परेका जग्गामा अतिक्रमण गरी बनाइएका संरचना मंगलबारदेखि राजविराज नगरपालिकाले डोजर लगाएर भत्काउन सुरु गरेको छ। नगरको हनुमान मन्दिरदेखि नेताचोकसम्म सडक मापदण्डभित्र परेका जग्गामा निर्माण गरिएका संरचना हटाउन नगरपालिकाले पटक–पटक सूचना मार्फत आग्रह गरेको थियो।

तर संरचना हटाउन अटेर गरिएकाले सडक तथा नाला निर्माणमा ढिलाइ हुन थालेपछि डोजर प्रयोग गरी ती संरचना भत्काउन सुरु गरिएको नगरपालिकाले जनाएको छ। बिच सडकको दायाँ–बायाँ ९–९ मिटर गरी १८ मिटरभित्र पर्ने सबै संरचना हटाउन थालिएको राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले जानकारी दिनुभयो। उक्त सडक स्तरोन्नति तथा सौन्दर्यकरणको काम सडक डिभिजन कार्यालय लहानबाट ठेक्का प्रक्रिया सम्पन्न भई निर्माण सुरु हुनुपर्नेमा साइट क्लियरेन्स नहुँदा समस्या उत्पन्न भएको उहाँको भनाइ छ।

डोजर चलाउँदा केही स्थानीयले विरोध गरेका थिए। तर कार्यवाहक नगर प्रमुख परवीनले भोटको राजनीति नगर्न र विकासका काममा राजनीतिक स्वार्थभन्दा माथि उठेर सहयोग गर्न आग्रह गर्नुभयो। उहाँले सडक चौडा र सौन्दर्यकरण कार्य सम्पन्न भएपछि केही व्यक्तिमात्र होइन, सिंगो नगरवासी नै लाभान्वित हुने बताउनुभयो।

## *चक्रव्यूहमा...*

उक्त आन्दोलनमा राजनीतिक दल, माओवादी विद्रोही, नागरिक समाज, विद्यार्थी सङ्गठन र सर्वसाधारण जनताको सहभागिता थियो। आन्दोलनलाई छिमेकी मुलुक, पश्चिमी दाता मुलुकहरू र बहुराष्ट्रिय संघसंस्थाहरूको परोक्ष समर्थन रहेको थियो। विसं २०६३ मङ्सिरमा विस्तृत शान्ति सम्झौता र संयुक्त राष्ट्रसंघको उपस्थितिमा हतियार तथा सेनाको व्यवस्थापनसम्बन्धी सम्झौता भएपछि २०६३ माघ १ मा अन्तरिम संविधान जारी भएको थियो। विसं २०६५ सालमा राजतन्त्रको विधिवत् अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको घोषणा भयो। दोस्रो संविधान सभाबाट २०७२ असोजमा संविधान जारी भयो।

अन्तरिम संविधान २०६३ र २०७२ को संविधान जारी भएपछि पनि मधेसमा विरोध प्रदर्शन भएका थिए। त्यसबेला केही हदसम्म व्यवस्थापन भए पनि केन्द्रिकताको विरोधको क्लेश बाँकी रहेको तथ्य २०८२ को निर्वाचनमा पुराना राजनीतिक दलहरूको लज्जास्पद पराजयले पुष्टि गर्छ। संविधान निर्माणको क्रममा बाह्य मुलुकहरूको सहयोग र संयुक्त राष्ट्रसंघको उपस्थिति रहेको थियो।

सुशासनको नारा बोकेर सरकारको अकर्मण्यताप्रति असन्तुष्टि व्यक्त गर्न २०८२ भदौ २३ मा नवयुवाले सुरु गरेको नेतृत्वविहीन 'जेन–जी' आन्दोलन सरकारको अक्षमताका कारण दोस्रो दिन हिंसामा परिणत भयो। यस आन्दोलनमा बाह्य शक्तिहरूको संलग्नता रणनीतिक हिसाबले रहेको तथ्य छताछुल्ल भइसकेको छ। नयाँ पुस्ताको आगमनका लागि युरोपअमेरिकाको नैतिक समर्थन रहेको र दुवै छिमेकी मुलुक सरकारको स्थायित्वको साझा विन्दुमा उभिएको तथ्य अन्तरिम सरकारका परराष्ट्रमन्त्रीबाट निर्वाचन परिणामपछि व्यक्त स्पष्टोक्तिले पनि पुष्टि गर्छ। आन्तरिक द्वन्द्व मच्चाएर नियोजितरूपमा आफ्ना स्वार्थ पूरा गर्ने शक्ति राष्ट्रहरूको कुचालमा सधैँ चनाखो रहनुपर्ने स्थिति कायम छ।

युवा समुदायमा राजनीतिक शक्तिको हस्तान्तरणले सुशासन, स्वदेशमै रोजगारी विकास र सहज सार्वजनिक सेवासुविधाको अपेक्षा त छँदैछ यसबाहेक आन्दोलनको पृष्ठभूमि, आन्दोलनका दौरान भएका हिंसात्मक क्रियाकलाप र विदेशी घुसपैठका आरोपले परराष्ट्र सम्बन्धमा आउने चुनौती र यसको व्यवस्थापनमा राजनीतिक एवं आर्थिक दृष्टिकोणले सरकारलाई सहज हुने अवस्था छैन।

अन्त्यमा

शक्तिको जालमा बेरिएको परराष्ट्र सम्बन्धलाई नयाँ सरकारले असंलग्नता, तटस्थता, समानता र सन्तुलनका आधारमा राष्ट्रिय ऐक्यबद्धतासहित अगाडि बढाउनुपर्छ। सहनशीलताको मुखुण्डो लगाएर प्रभाव, दबाब वा बाध्यतामा स्वाधीनता र राष्ट्रिय स्वार्थमा आँच पुग्ने गरी कुनै सम्झौता गर्नु हुँदैन। छिमेकी मुलुक र शक्तिशाली मुलुकहरूका चासो, स्वार्थ एवं रणनीतिहरू, बाह्य सहायताप्रतिको दृष्टिकोण, परराष्ट्र सम्बन्धमा दलहरूको समान धारणा र कथनी करनीमा एकरूपता भएमा नेपाली नागरिक एवं अन्तर्राष्ट्रिय जगत्को विश्वसनीयता बढ्छ।

आन्तरिक एकताले भूराजनीतिक दबाब थेग्न, भूराजनीतिक अवस्थालाई अवसरमा रूपान्तरण गर्न र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरी राष्ट्रिय स्वार्थ तथा स्वाधीनताको रक्षा गर्न बल पुग्छ। बाह्य शक्तिको प्रभावले विद्रोह तथा आन्दोलन भयो भनेर राष्ट्रिय सुरक्षा र स्वाधीनताको रक्षाको दायित्वबाट कुनै सरकारले उन्मुक्ति पाउँदैन। गम्भीर प्रश्न भनेको सरकारले आफ्ना निर्णय स्वायत्ततामा बाह्य हस्तक्षेप हुन दिनु हुँदैन। सामान्य हस्तक्षेपले पनि कालान्तरमा मुलुकको अस्तित्वमा जोखिमपूर्ण खतरा ल्याउन सक्छ।

राजनीतिक दलहरूको एकोहोरो असामान्य हठधर्मिताले निर्णय क्षमता प्रभावित भई असहज परिस्थिति भोग्नुपरेको अनुभव हामीले नै भोगिसकेका छौँ। यस्तो परिस्थिति आउन नदिन मुख्य उपाय परराष्ट्र सम्बन्धमा राष्ट्रिय सहमति, सन्तुलन र ऐक्यबद्धता नै हो। प्रविधि, पहुँच, सूक्ष्म व्यवस्थापन, साधनस्रोतको लोभ र भूराजनीतिक रणनीतिक स्वार्थको चपेटामा नेपाल निरन्तर परिरहेको अवस्था छ। सरकार कुनै सैन्य समूहमा संलग्न नभई स्वायत्तता, असंलग्नता, राष्ट्रिय हितको सर्वोपरिता र विवेकपूर्ण कूटनीतिको बाटो समात्नु नै बुद्धिमत्तापूर्ण हुनेछ। दुई छिमेकी मुलुकको एकअर्काको स्वार्थमा प्रतिकूल असर पुऱ्याउने हाम्रो वा अन्य कुनै शक्तिशाली राष्ट्रको क्रियाकलापको परिणाम प्रत्यक्ष रूपमा हामीले नै भोग्नुपर्ने भएकाले कुनै शक्तिको उक्साहट, प्रभाव तथा दबाबमा पर्नु हुँदैन। राष्ट्रिय हित, स्वाधीनता, अखण्डता, स्वतन्त्रता र समानता नै हाम्रो परराष्ट्र सम्बन्धको मूल आधार हुनुपर्छ। बाह्रखरीबाट

## *मर्यादित परीक्षा ...*

जस्तापातामुक्त बनाउने लगायत भौतिक निर्माणका काम भइरहेको छ। साथै शैक्षिक सुधारका लागि प्रधानाध्यापक, शिक्षक र अभिभावकको सहभागितामा नयाँ कार्यक्रम ल्याउने तयारी गरिएको छ।"

लहान–१० स्थित श्री जनता माध्यमिक विद्यालय, बैरिया गुदीगाउँका प्रधानाध्यापक देवनलाल ठाकुरले प्रारम्भिक शिक्षणदेखि अन्तिम परीक्षासम्म निरन्तर निगरानी आवश्यक रहेको बताउनुभयो। चैत ५ गतेदेखि जिम्मेवारी सम्हालेका उनले विद्यालयको शैक्षिक अवस्था सुधार गर्न परीक्षा व्यवस्थापनबाटै काम सुरु गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "यस विद्यालयमा ९९ प्रतिशत दलित तथा विपन्न समुदायका बालबालिका अध्ययनरत छन्। त्यसैले शैक्षिक सुधारका लागि व्यवस्थापन समिति र अभिभावकलाई समेत जिम्मेवार बनाउने योजना बनाएका छौँ।"

## *आँखा उपचारले ...*

गरेर राम्रोसँग देख्ने भएँ। यो मौका जुराईदिएकोमा नगरालिका र अस्पताललाई धन्यवाद छ।'

उनले खुसीहुँदै थपीन, 'आँखामा बादल लागेजस्तो, केही आएर छोपीएजस्तो हुन्थ्यो। आँखा अप्रेशन पछि राम्रो देखेको छु। अव कामकाज गर्न अलि सजिलो हुन्छ होला।' सदाय, कापर र साह मात्र हैन शिविरमा ३१२ जनाको मोतियाविन्दुको शल्याक्रिया भएको छ। मिर्चैया नगरपालिका र तिलगंगा आँखा अस्पतालको सहकार्यमा दृष्टि परीक्षण, मोतियावन्दु छनौट तथा चश्मा जाँचसहितको बृहत आँखा शिविरमा उनीहको निःशुल्क शल्यक्रिया भएको हो।

'आर्थिक लगायत विविध कारणले आँखाको उपचारबाट बञ्चितहरुको लागि विभिन्न सहयोगी संस्थासँगको सहकार्यमा समय समयमा देश तथा विदेशमा गएर अस्पतालले शिविरमार्फत आँखाँको निःशुल्क उपचार प्रदान गर्दै आएको छ;' तिलगंगा आँखा अस्तालका नेत्र अधिकृत बासुदेव अधिकारीले भने, 'अस्पतालको सोही योजना अनुसार यो पटक सिरहाको मिर्चैयामा शिविरमार्फत आँखाको वृहत उपचार गरिएको हो।' यो अप्रेशन अस्पतालमा गएर गराउँदा करिव २८–३० हजार खर्च हुने उनले बताए। अधिकृत अधिकारीले भने, 'अहिले यहाँ भएको अप्रेशनमा अस्पताललेमात्र १४ हजार लिन्छ। त्यसवाहेक अन्य जाँज, औषधी तथा भाढा किराया गर्दा एक जना बरावर २८–३० हजार खर्च हुन जान्छ। यो सामान्य आर्थिक अवस्था भएका परीवारको लागि ठूलै रकम हो।'

शिविरमा अति विपन्न, दलित गरिवहरुले उपचार पाएको मिर्चैया नगरपालिकाका मेयर श्रवण कुमार यादवले जानकारी दिए। उनले दलित तथा विपन्न परीवारका वृद्धमा आँमा समस्या देखिएपनि उपचार नपाईरहेको भन्ने जानकारी पाएर आफूले तिलगंगा आँखा अस्पताललाई अनुरोध गरेर शिविरको आयोजना गरेको बताए। यहि चैत २ गते देखि ८ गतेसम्म प्रत्यक वडा र मिर्चैया अस्पतालमासमेत भएको स्क्रिनिङ शिविरमा ४ हजार ५५० जनाको आँखा उपचार पाएको स्वास्थ्य शाखा प्रमुख राजन कुमार साहले जानकारी दिए। जसमध्ये ३१२ जनाको मोतिया विन्दुको सल्यक्रिया भएको साहले बताए।

उनले शिविर पूर्णरपमा निःशुल्क भएको बताउँदै सल्याक्रिया, औषधी र चश्मासमेत निःशुल्क दिइएको जानकारी दिए। उनले उपचारमा विरामीको एक रुपैयाँपनि खर्च नभएको सुनाए।

# कल्याणपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कल्याणपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## गणक आवश्यक्ता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।१२।११**

यस कार्यालयलाई गरिब घर परिवार पहिचान सम्बन्धी तथ्याङ्क संकलन कार्य संचालन गर्न निम्नानुसारको जनशक्ति आवश्यक परेकोले योग्इता पुगेका स्थानीय नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

| क्र.सं. | पद संख्या | पद | न्यूनतम योग्यता, अनुभव तथा सीप |
|---|---|---|---|
| १ | ४ | गणक | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ वा प्रविणता प्रमाणपत्र उत्तीर्ण।<br>२.कम्प्यूटर सफ्टवेर चलाउन जान्ने।<br>३.एन्ड्रोइड मोबाईल आफ्नै भएको मोबाईलमा नेपाल युनिकोडमा टाईप गर्न सक्ने।<br>४.सम्बन्धित स्थानीय तहमा स्थायी बसोवास भएको।<br>५. यस अघि तथ्यांक संकलन कार्यमा संलग्न भएको व्यक्तिलाई प्रथामिकता दिईनेछ।<br>६.कुसल संचार सीपभएको |

१. दरखास्त दिने अन्तिम मिति : २०८२।१२।२५ गते कार्यालय समय भित्र। (सो दिन सार्वजनिक बिदा भएमा सोको भोलिपल्ट)
२. कार्य अवधि : सम्झौता अनुसार।
३. परीक्षाको किसिम : प्रयोगाात्मक र अन्तरवार्ता।
४. तलब तथा अन्य सुविधाः नियमानुसार।
५. पेश गर्नुपर्ने आवश्यक कागजातहरु नेपाल नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाण–पत्रको प्रतिलिपी, कार्य अनुभव प्रमाण–पत्रको प्रमाण–पत्रको प्रतिलिपी, पासपोर्ट साईजको दुई प्रति फोटो।
६. दरखास्त फारम यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त र्ग सकिनेछ।
७. सम्पर्क परीक्षा मिति पछि प्रकाशन हुने।
८. म्याद नाघी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**प्रमुख प्रशासकीय अधिकृत**


# यी हुन् जेनजी आन्दोलनमा भ्रामक सूचना फैलाउने पाँच सोसल मिडिया इन्फ्लुएन्सर



काठमाडौं, ११ चैत्र। जेनजी आन्दोलनका क्रममा भ्रामक सूचना फैलाउनेमा पाँच जना सोसल मिडिया इन्फ्लुएन्सर पनि संलग्न रहेको जाँचबुझ आयोगले ठहर गरेको छ। भ्रामक सूचना फैलाउने काममा संलग्न रहेका पाँच जनामा मिडिया इन्फ्लुएन्सर टंक दाहाल, सुजन ढकाल, शिव परियार, हिमेश पन्त र भाग्य न्यौपाने संलग्न रहेको प्रतिवेदनमा छ। 'भ्रामक प्रचारहरु जस्तै २३ गतेको घटनामा चुच्चेपाटीस्थित भाटभटेनी मा ३५ शवको कंकाल भेटिएको भनी प्रचार गरी यो।

त्यस्तै ३२ जना हराइरहेका प्रदर्शनकारी बानेश्वर संसद भवनभित्र मृत अवस्थामा भेटिए भनी २४ गते प्रचार गरी यो। यस्तो प्रचार गर्नमा सोसल मिडिया इन्फ्लुन्सर टंक ढकाल, सुजन ढकाल, शिव परियार, हिमेस पन्त र भाग्य न्यौपाने जस्ता व्यक्तिहरु संलग्न रहेको पाइन्छ' प्रतिवेदनमा छ। अर्का एक विमान परिचारिकाले हिमालयन एयरलाइन्सबाट प्रधानमन्त्री केपी ओली भागेर दुवई पुगेको र उनले आफैँ देखेको भ्रामक प्रचार गरेको आयोगले उल्लेख गरेको छ।

'हिमालय एयरलाइन्सले यसको खण्डन गरी प्रेस वक्तव्य नै जारी गर्नुपर्यो। त्यस्तै एउटा अर्को मिडियामा नेपाली कांग्रेसका महामन्त्री गगन थापालाई भीडले घिसारेर पिटिरहेको प्रचार गर्यो, त्यो गलत प्रचार थियो। उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल भीडबाट बच्न नदीमा भागिरहेका र व्यक्तिहरुले उनलाई पिटिरहेको दृष्य भिडियोमा देखाइएको थियो' प्रतिवेदनमा छ।




# धनुषामा सवारी दुर्घटनाः एकको मृत्यु, एक घाइते

**विजयकुमार साह**

ढल्केबर, ११ चैत्र। धनुषाको धनुषाधाम नगरपालिका–६, मालटोलस्थित पूर्व–पश्चिम लोकमार्गमा बुधबार भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन्। ढल्केबरबाट पूर्वतर्फ जाँदै गरेको मधेस प्रदेश ०२–००४ प. १८९५ नम्बरको पल्सर मोटरसाइकललाई सोही दिशाबाट गइरहेको मधेश प्रदेश ०२–००१ च. १६४७ नम्बरको महिन्द्रा पिकअपले पछाडिबाट ठक्कर दिँदा दुर्घटना भएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार दुर्घटनामा धनुषाधाम नगरपालिका–६ का ५५ वर्षीय समीम खानको मृत्यु भएको छ। उहाँलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुऱ्याइएलगत्तै चिकित्सकले मृत घोषणा गरेका थिए।

दुर्घटनामा जनकपुरधाम उपमहानगरपालिका–४ निवासी ५० वर्षीय विनोद सिंह घाइते हुनुभएको छ। उहाँको सोही अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनामा संलग्न पिकअप र त्यसका चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो।

# प्रश्नपत्र बाहिरिएपछि लालबन्दी नगरपालिकाले रोक्यो परीक्षा

जनकपुरधाम, ११ चैत्र। सर्लाहीको लालबन्दी नगरपालिकाले कक्षा ८ को नगरपालिका स्तरीय परीक्षा अन्तर्गत बुधबारका लागि तय गरिएको सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयको परीक्षा स्थगित गरेको छ। प्रश्नपत्र बाहिरिएको पुष्टि भएपछि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पितानाथ लुइँटेलले हिजो नै सूचना जारी गर्दै आजको परीक्षा स्थगित गरिएको जानकारी दिएका हुन्।

स्थगित गरिएको उक्त विषयको परीक्षा अब चैत १७ गते सञ्चालन गरिने लालबन्दी नगरपालिकाको शिक्षा शाखाका प्रमुख लक्ष्मी शिवाकोटीले जानकारी दिए। उनका अनुसार स्थगित विषयको परीक्षा पछि सारिए पनि अन्य विषयका परीक्षा भने पूर्वनिर्धारित तालिकाअनुसार नै सञ्चालन हुनेछन्।

## *ई–रिक्सा चालकको ...*

रिक्सा चालकहरूको हक–अधिकार सुनिश्चित गर्न सरोकारवाला निकायको सक्रिय भूमिका आवश्यक रहेको औंल्याउनुभयो।

प्राविधिक क्षेत्रका प्रतिनिधिजस्तै ई–रिक्सा चालकका लागि पनि अनिवार्य हुनुपर्ने उल्लेख गर्दै उहाँले कार्यान्वयनलाई सहज बनाउन सम्बन्धित निकायबिच समन्वय आवश्यक रहेको बताउनुभयो। कार्यक्रमका अध्यक्षता गर्नुभएका ई–रिक्सा मजदुर संगठनका अध्यक्ष विरेन्द्र महतोले लाइसेन्स अभावका कारण चालकहरूले दैनिक रूपमा विभिन्न समस्या भोग्नुपरेको गुनासो गर्नुभयो।

उहाँले लाइसेन्स वितरण प्रक्रियालाई सरल बनाउन सम्बन्धित निकायसँग आग्रह गर्नुभयो। यसैबिच, विकल्प एन अल्टरनेटिभले मधेश प्रदेशका ई–रिक्सा चालकहरूमा गरिएको अध्ययन सार्वजनिक गरेको छ। अध्ययनअनुसार प्रदेशमा ई–रिक्साको योगदान उल्लेखनीय भए पनि जटिल नीतिगत व्यवस्था र अव्यावहारिक परीक्षा प्रणालीका कारण ठुलो संख्यामा चालकहरू लाइसेन्स लिनबाट वञ्चित छन्।

संस्थाका प्रतिनिधि बसन्त अधिकारीका अनुसार करिब ७० प्रतिशत ई–रिक्सा चालकसँग लाइसेन्स छैन। यसको मुख्य कारण चालकहरूको शैक्षिक स्तरअनुसारको परीक्षा प्रणाली नहुनु हो। लिखित परीक्षाको जटिलता र प्राविधिक रूपमा नमिल्ने ट्रायल मापदण्डले चालकहरूलाई कानुनी दायराभन्दा बाहिर रहन बाध्य बनाएको अध्ययनले देखाएको छ।

अध्ययनअनुसार मधेशमा हाल तीनपांग्रे सवारी साधनको संख्या ८२ हजार पुगेको छ, जसमा अधिकांश ई–रिक्सा रहेका छन्। प्रदेशको राजधानी रहेको धनुषा जिल्लामा मात्रै करिब १४ हजार ई–रिक्सा सञ्चालनमा छन्। अध्ययनले प्रदेश सरकारले आफ्नै कानुनअनुसार आवश्यक नियमावली र कार्यविधि तत्काल निर्माण गरी मौखिक परीक्षा प्रणाली लागू गर्नुपर्ने सुझाव दिएको छ। साथै, संघीय सरकारसँग समन्वय गर्दै सफ्टवेयर सुधार र ई–रिक्सा मैत्री ट्रायल मापदण्ड निर्धारण गर्नुपर्नेमा जोड दिइएको छ।

मधेश प्रदेशको सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ मा ई–रिक्सा चालकका लागि लिखित परीक्षाको सट्टा मौखिक अन्तर्वार्तामार्फत लाइसेन्स दिने व्यवस्था भए पनि आवश्यक नियमावली र कार्यविधि नबन्दा कार्यान्वयन हुन सकेको छैन। यता, कोशी प्रदेशले भने लिखित परीक्षा हटाई मौखिक तथा प्रयोगात्मक परीक्षा प्रणाली लागू गरिसकेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)